आ. व. २०७६।०७७ को वार्षिक बजेट तथा कार्यक्रम सम्वन्धमा ।
विविध ।

मिति २०७६ आषाढ १० गते तेस्रो नगरसभामा प्रस्तुत आ. व. २०७६।०७७ को नीति तथा कार्यक्रम एवम् वार्षिक आयव्ययको अनुमान (बजेट वक्तव्य र योजनासमेत) पेश भएकोमा प्राप्त सुझावहरुलाई समावेश गर्ने र आगामी कार्यपालिका वैठकमा पूर्णता दिने निर्णय गरियो ।

विविधमा:

(क) जीतपुरसिमरा उपमहानगरपालिकाको तेस्रो नगरसभाको दोस्रो वैठक आगामी २०७६ आषाढ २३ गते सम्पन्न गर्ने निर्णय गरियो ।

(ख) जीतपुरसिमरा उपमहानगरपालिका वडा नं. १६ का वडाअध्यक्ष श्री केदारनाथ बजागाई र वडा सचिव श्री जीवनकुमार थापासमेतले वडा कार्यालयको सिफारिशसहित दिनुभएको निवेदन अनुसार संयुक्त राज्य अमेरिकास्थित **Rai77 Ltd.** आयोजनामा उक्त मुलुकको जर्जिया राज्यमा हुने कृषि सम्वन्धी अवलोकन तथा गोष्टी कार्यक्रममा भाग लिन जान भिसा सिफारिशको लागि दिनुभएको निवेदनका सन्दर्भमा वडा अध्यक्ष श्री केदार बजागाई, वडा सचिव श्री जीवनकुमार थापा र उक्त वडावासी श्री अमृत शर्मा बजागाई र सञ्चारकर्मी श्री जुठे दर्जीलाई भिसा सिफारिशका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

(ग) रजघट्टामा निर्माणाधीन प्रहरी कार्यालयको लागत सहभागिता र नगद सहभागिता नरहने र सम्पूर्ण रकम भुक्तानी दिने निर्णय गरियो ।

(घ) चालु आ.व.२०७५।०७६ मा स्वीकृत भएका तर कार्यान्वयन बांकी रहेका योजनाहरु आगामी आ. व. २०७६।०७७ मा नयां कार्यक्रमको रुपमा समावेश गर्ने निर्णय गरियो ।

(ङ) उपमहानगरपालिकामा साविकमा ज्यालादारी र करारमा कार्यरत कर्मचारीको हकमा करारको म्याद समाप्त भएका कर्मचारीहरुको श्रावण १ गतेदेखि पुनः एक वर्षका लागि म्याद थप गर्ने निर्णय गरियो ।

(च) राष्ट्रिय विभूति सामुदायिक शिक्षा सदन (प्रा.) लि. जीतपुरसिमरा– १५, डुमरवानाले शै. स. २०७६।०७७ देखि कक्षा ११ व्यवस्थापन संकायको कक्षा सञ्चालनका लागि दिएको निवेदन अनुसार आवश्यक कागजात र प्रक्रिया पुगेको देखिएको भनी नगर शिक्षा समिति र शिक्षा तथा खेलकुद महाशाखाबाट प्राप्त सिफारिशका आधारमा स्वीकृति दिने निर्णय गरियो ।

(छ) बालविकासतर्फ शिक्षिकाहरुको मासिक सुविधाको नपुग रकम आन्तरिकतर्फ भैपरी चालुबाट उपलब्ध गराउने निर्णय गरियो ।

(ज) २०७६ जेठ २७ गते वडा नं. १६ का सम्वन्धित विद्यालयहरुले दिएको निवेदन र वडा समितिको सिफारिश अनुसार सम्वन्धित वडागत शिक्षा तर्फकै योजनाहरुको विनियोजित बजेटलाई सोही वडाकै विद्यालयहरुमा व्यवस्थापन अनुदान शिर्षकमा रकमान्तर गरी श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय डकाहालाई रु. ३,००,०००।०० नेपाल राष्ट्रिय आधारभूत विद्यालय, टांगियाबस्ती रु. ३,५०,०००।०० र शान्ती आवि टांगियाबस्तीलाई रु. १,८०,०००।०० भुक्तानी दिने निर्णय गरियो ।

Scanned by CamScanner

झ) मालपोत कार्यालय सिमराको मिति २०७६।०३।१३ को च. नं. ५५४९ को पत्र अनुसार आ व २०७६।०७७ का लागि जग्गाको रजिष्ट्रेशन शुल्कको परिमार्जन सम्वन्धमा त्रिभुवन राजपथ तथा पूर्वपश्चिम राजमार्ग र सिमरा कोल्हवी पक्की सडक खण्डसंग दायां बायां जोडिएको ५०० मीटरसम्मको साविक मूल्याङ्कनमा १० प्रतिशत थप गर्ने र अन्यको हकमा साविक मूल्याङ्कन कायम गर्नका लागि सिफारिश गर्ने निर्णय गरियो ।

ञ) आ. व. २०७६।०७७ को आयठेक्काको मूल्याङ्कनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा तपसिल बमोजिम समिति गठन गर्ने निर्णय गरियो । आवश्यक्तानुसार अन्य पदाधिकारी तथा व्यक्तिलाई समितिको वैठकमा आमन्त्रण गर्न सकिनेछ ।

संयोजकः श्री सरस्वती चौधरी, उपप्रमुख

सदस्यः श्री शिवराज सेंढाई, प्रमुख प्रशासकीय अधिकृत

सदस्यः श्री पवन अधिकारी, लेखा अधिकृत

Scanned by CamScanner